# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।१० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिमिदारी पटुवारीमा रसिद काटी ७ नं. अनुसूची फाराम भरेको फिल्डबुकमा खगेन्द्र कुमारीको जग्गा भनी उल्लेख भएको जिल्ला सुनसरी, धरान नगरपालिका वडा नं.११ग कि.नं. ३५ र ३६ का जग्गाहरू खगेन्द्रकुमारी गिरीको मृत्युपश्चात हामी हकदारका नाममा नामसारी गर्न बाँकी रहेकै अवस्थामा जिल्ला सुनसरी धरान नगरपालिका वडा नं.१४ बस्ने कर्णबहादुर राईले खगेन्द्रकुमारी गिरीलाई खगेन्द्रकुमारी राई बनाई आफ्नो नाममा नामसारी गरी बिक्री वितरण गरेको र उक्त जग्गा खगेन्द्र कुमारी राईको बनाई कर्णबहादुर राईको नाममा नामसारी गर्ने कार्यमा मालपोत कार्यालय, धरानका अधिकृत फणिन्द्र भट्टराई समेतको मिलेमतो रहेको हुँदा छानबिन गरी कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, धरानका तत्कालीन मालपोत अधिकृत फणिन्द्र भट्टराई समेतको संलग्नतामा सरकारी कागजात सच्याई भ्रष्टाचारजन्य कार्य गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा देहाय बमोजिमको सजाय मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | पद | कार्यालय | सजाय मागदावी |
|---|---|---|---|---|
| १ | फणिन्द्र भट्टराई | तत्कालीन मालपोत अधिकृत | मालपोत कार्यालय, धरान सुनसरी | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिम सजाय हुन मागदावी |
| २ | डिल्लीराम कोइराला | तत्कालीन नायब सुब्बा | ,, | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिम सजाय हुन मागदावी |
| ३ | योगेन्द्रप्रसाद यादव | तत्कालीन सर्भेक्षक | नापी कार्यालय, धरान | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी |
| ४ | श्यामप्रसाद लो | तत्कालीन खरिदार | मालपोत कार्यालय, धरान | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिम सजाय हुन मागदावी |
| ५ | कर्णबहादुर राई | - | धरान नगरपालिका वडा नं. १४ सुनसरी | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी |

(प्रदीपकुमार कोइराला)
प्रवक्ता